# वार्षिक प्रगति प्रतिवेदन २०७६/०७७

# Annual Progress Report 2076/2077

# हेटौंडा क्याम्पस, हेटौंडा

(स्थापित २०४७, सम्बन्धनः त्रिभुवन विश्वविद्यालय)

ठेगाना : हेटौंडा उपमहानगरपालिका श्रृजना पथ -४ मकवानपुर

सार्वजनिक सुचना/ वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

संयोजक: प्रकाश दहाल

सदस्य: प्रमिता शर्मा

सदस्य: देवरत्न मानन्धर


**ठेगाना : हेटौंडा उपमहानगरपालिका श्रृजना पथ -४ मकवानपुर**

फोन ०५७५२०९७४,०५७५२२९७४,०५७५२६७३७

website: www.hetaudacampus.edu.np

E-mail: hetaudacampus@gmail.com


व्यवस्थापन समितिमा प्रतिवेदन प्रस्तुत २०७६/०८/०१

संचालक समितिबाट पारित मिति : २०७६/०८/०४

## शारंश -(Executive Summary)

वि.सं. २०४७ सालमा स्थापित यस क्याम्पसले मकवानपुर जिल्ला सहित बारा, रौतहत लगायतका तराईका जिल्लाका विद्यार्थीहरुलाई उच्च शिक्षाको अवसर प्रदान गरिरहेको छ । सामुदायिक क्याम्पस मुलत् विद्यार्थीको शुल्कमा आधारित भएर आर्थिक गतिविधि संचालन हुने र अर्को तर्फ विद्यार्थीबाट लिइने न्युन शुल्कका कारण दैनिक प्रशासन संचालनमा समेत समस्या परिरहेको हुन्छ । विशेषत: शिक्षाशास्त्र संकायलाई प्राथमिकतामा राखेको यस क्याम्पसले गुणस्तर शिक्षा प्रदान गर्दै आइरहेको छ ।

शिक्षाशास्त्र सङ्कायमा स्नातक तथा स्नातकोत्तर तह संचालन गरिरहेको यस क्याम्पसमा विद्यार्थी संख्या ५६२, शिक्षक २८ र कर्मचारी १० जना रहेको छ । स्नातक तह तर्फ विज्ञान शिक्षा, अर्थशास्त्र शिक्षा, अंग्रेजी शिक्षा, नेपाली शिक्षा, गणित शिक्षा, स्वास्थ्य तथा शारिरिक शिक्षा र जनसंख्याा शिक्षा अध्यापन भइरहेको छ र स्नातकोत्तर तह तर्फ इ. पि. एम., अंग्रेजी शिक्षा, नेपाली शिक्षा, गणित शिक्षा र स्वास्थ्य शिक्षा विषयहरुको कक्षा संचालन भइरहेको छ ।

शिक्षा संकायमा मुख्य विषयहरु धेरै संचालन गर्नुपर्ने एवं प्रयोगात्मक कक्षासमेत प्रशस्त हुने हुँदा यो निकै खर्चिलो संकाय हो । क्याम्पससँग हाल भूटनदेवी उच्च मावि सँग ४१ बर्से लिजमा लिइएको करिब ९ कठ्ठा सत्र धुर जग्गाभित्र क्याम्पसको आफ्नो श्रोत, विभिन्न निकाय तथा चन्दा दाताहरुबाट प्राप्त स्रोतसाधनको सदुपयोग गरी तयार गरिएको शैक्षिक तथ प्रशासनिक भवन छ । शैक्षिक भवन तर्फको भुइँतल्लामा ८ कोठा, पहिलो तल्लामा ९ कोठा र एक सभाहल रहेको छ । दोस्रो तल्लामा कम्प्युटर ल्यव १, गेष्ट रुम १ ( Deluxe Room निर्माण गरिएको छ जसमा क्याम्पसमा पाल्नुहुने पाहुना तथा प्रयोगात्मक परीक्षा लिन आउनुहुने वाह्य परीक्षकलाई राखिने गरिएको छ) त्यस्तै अघिल्लो आर्थिक वर्षमा तेस्रो तल्लामा १ सेमिनार हल सहित ४ वटा कक्षा कोठाको निमार्ण गरिएको छ ।

पूर्वी भागको प्रशासनिक भवनमा भुइँतल्लामा लेखाशाखा, प्रशासनिक शाखा र पुस्तकालयको अवधारणामा अघि बढेको पुस्तकालय रहेको छ । त्यसैको छेउमा विद्यार्थी तथा शिक्षक स्टाफलाई खाजा नास्ताको व्यवस्था गर्न क्यान्टिनको व्यवस्था गरिएको छ । प्रशासनिक भवनको

माथिल्लो तल्लामा स्टाफ रुम २ वटा, संचालक समिति कक्ष  तथा क्याम्पस प्रमुखको कार्यकक्ष रहको छ र त्यसैको दोश्रो तल्लामा ट्रस्टको निर्माण गरी विज्ञान प्रयोगशाला लाई व्यवस्थित गरिएकोछ । खेल मैदानको व्यवस्थापनका लागि क्याम्पस परिसरको पर्खाल निर्माण कार्य सम्पन्न भएको छ ।

समुदायकै सकृयतामा स्थापित यस हेटौंडा क्याम्पसले समुदाय स्तरमा हुने बिभिन्न क्रियाकलापहरुमा अघिल्ला वर्षहरु जस्तै सक्रियता पूर्वक सहभागिता जनाउदै अएको छ । त्यस्ता क्रियाकलापहरुमा गणतन्त्र दिवस, संविधान दिवस, वातावरण दिवस, विश्व एड्स दिवस, रेडक्रस सोसाइटिका कार्यक्रमहरु साथै स्थानिय निकयहरु जि.वि.स नगरपालिकाले गरेका विविन्न कार्यक्रमहरुमा विद्यार्थीहरु तथा प्राध्यापकहरु पठाएर सहभागिता जनाउदै आएको छ ।

# **विषय सूचि -(Table of Content)**


| | |
|---|---|
| | **पेज नं** |
| क) पृष्ठभुमिः-(Background) | 1 |
| ख) **शैक्षिक प्रगतिः** -(Academic Progress) | 2-6 |
| १) विद्यार्थी भर्ना विवरण -(Enrolment Trend) | |
| २) विद्यार्थी पास प्रवृत्ति -(Pass Rate Trend) | |
| ३) विद्यार्थी तह पास विवरण -(Graduate Trend) | |
| ४) संचालित कार्यक्रमहरु -(Programs) | |
| ५) विषयहरु -(Educational Pedagogy) | |
| **ग) भौतिक प्रगतिः-(Physical Progress)** | 6-7 |
| १) भौतिक पक्ष सुधार सम्बन्धमा : -(Infrastructural Development) | |
| २) शैक्षिक अनुदानः-(Educational Aids) | |
| घ) **आर्थिक प्रगतिः** -(Financial Progress) | 8-9 |
| **१)तलव** Salary | |
| **२) अन्य** other | |
| **३) आय** (Income) | |
| ङ) **पुजिगत खर्च** Capital Expenditures | 9 |
| **१) अडीट रिपोर्टको विश्लेषणः**_(Audit Observation) | |
| च) **सामाजिक प्रगतिः** (Social Progress) | 9-10 |
| छ) **मुद्दा तथा समस्याहरु** (Issues and Challenge) | 10-11 |
| **१) अल्पकालिनः** ( Short Term) | |
| **२) दीर्धकालिनः** (Long Term) | |
| **३) मुद्दा तथा समस्याहरु समाधानको योजनाहरु :** | |

# क) पृष्ठभुमिः-(Background)

वि.सं. २०४७ सालमा स्थापित यस क्याम्पसले मकवानपुर जिल्ला सहित बारा, पर्सा, चितवन, रौतहट, सर्लाही, सिन्धुली महोत्तरीदेखि पुर्वि तराईका जिल्लाहरुका समेत विद्यार्थीहरुलाई उच्च शिक्षाको अवसर प्रदान गरिरहेको छ। सामुदायिक क्याम्पस मुलत् विद्यार्थीको शुल्कमा आधारित भएर आर्थिक गतिविधि संचालन हुने र अर्को तर्फ विद्यार्थीबाट लिइने न्युन शुल्कका कारण दैनिक प्रशासन संचालनमा समेत समस्या परिरहेको हुन्छ । नीजि शैक्षिक संस्थाहरुले महँगो शुल्क लिई अध्ययन अध्यापन गराइरहेको सन्दर्भमा गरीब, दलित, जनजाति, अल्पसंख्यक समुदायका विद्यार्थीहरु उच्च शिक्षाबाट बञ्चित हुने सम्भावना उच्च छ । सबैलाई सकेसम्म कम शुल्कमा गुणस्तरीय र प्रतिस्पर्धात्मक क्षमतायुक्त शिक्षा प्रदान गर्ने कुरामा नेतृत्व लिनुपर्ने यस क्याम्पसको भौतिक पक्षमा अझ धेरै लगानि गर्नुपर्ने छ । बहुसंख्यक (झण्डै ४८%) जिल्लाबासी तामाङ समुदायको रहेको यस जिल्लामा समुदायकै आर्थिक विपन्नताको कारण स्थानीय समुदायबाट आर्थिक श्रोत जुट्ने सम्भावना न्युन छ । सरकारी, गैरसरकारी तथा नीति क्षेत्रबाट आर्थिक, भौतिक, नैतिक सहयोग र समर्थन जुटाई शैक्षिक स्तर उकास्ने र राज्यले लिएको सामाजिक आर्थिक विकासको लक्ष्यलाई सहयोग पुऱ्याउने कार्यमा यस क्याम्पसले आफ्नो तर्फबाट भुमिका खेलिरेकै छ । उत्तरदायी व्यवस्थापन समिति, अनुभवी प्रशासक एवं शिक्षक शिक्षिका तथा जिम्मेवार कर्मचारीहरु र व्यापक सम्भावना बोकेका विद्यार्थीको जमात उपलब्ध हुँदाहुँदै पनि कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, नविनतम विधि प्रयागको लागि सामाग्रीको अभाव आदिको कारणले गुणस्तरीय र समयसापेक्ष शिक्षण गतिविधिमा चुनौति थपिरहेको छ । सर्वपक्षिय सहमति समर्थन र सहयोग जुटाई नमुना योग्य शैक्षिक केन्द्रको रुपमा यस संस्थालाई विकास गर्नको लागि वर्तमान संचालक समिति अहोरात्र जुटिरहेको छ । पढ्ने रहर हुँदाहुँदै पनि आर्थिक अभावका कारण टाढा गई पढ्न नसकेका छोरी बुहारीको समय मिलाएर अध्ययन गर्ने र दिउँसो घरधन्दा, जागिर व्यवसाय गर्नेहरुको लागि यस क्याम्पस एउटा राम्रो गन्तब्य भएको छ । विगतमा शिक्षाशास्त्र संकायलाई प्राथमिकतामा राखेको यस क्याम्पसले हाल बहुमुखी संकाय संचालनका लागि प्रकृया अगाडी बढीसकेको छ । यस क्याम्पसले शैक्षिक गुणस्तर अभिबृद्धि गर्दै जिल्ला भरिकै शैक्षिक संस्थालाई सहयोग पुग्ने गरि कार्यक्रम अगाडी बढाइरहेको छ।

## ख) शैक्षिक प्रगतिः-(Academic Progress)

वर्तमानमा यस क्याम्पसमा बिहानी समूहमा बि.एड्. र बेलुकी समूहमा एम. एड्.को कक्षाहरु सञ्चालन भएको कुरा माथि नै उल्लेख गरिसकेको छ । शिक्षाशास्त्र सङ्कायमामुख्य विषयहरु धेरै रहनुपर्ने प्रयोगात्मक कक्षासमेत प्रशस्त हुने हुँदा यो निकै खर्चिलो छ । क्याम्पसलाई केवल शिक्षाशास्त्र सङ्कायकै कक्षाहरू चलाउने क्याम्पसका रूपमा विकास गर्ने हो भने जिल्लाभित्र सञ्चालन भइरहेका अन्य क्याम्पसहरूसँग समन्वय गरी विशिष्टीकरण गराउनु पर्ने हुन्छ अन्यथा प्रतिस्पर्धाकै रणनीति अवलम्बन गरी आगामी शैक्षिक सत्रबाट अन्य सङ्कायका विषयहरूमा पनि अध्यापन थाल्नु पर्ने नीति क्याम्पसले लिनुपर्ने हुन्छ । यसो नगर्ने हो भने क्याम्पसको आर्थिक स्वास्थ्य सुधार्न नसकिने यथार्थ छ । पूर्णकालिन शिक्षकहरुको दरवन्दी श्रृजना गर्दै १४ जना स्थाई शिक्षकहरु तयार गरिएको छ । स्नातक तह तर्फ विज्ञान शिक्षा, अर्थशास्त्र शिक्षा, अंग्रेजी शिक्षा, नेपाली शिक्षा, गणित शिक्षा, स्वास्थ्य तथा शारिरिक शिक्षा र जनसंख्याा शिक्षा अध्यापन भइरहेको छ र स्नातकोत्तर तह तर्फ इ. पि. एम., अंग्रेजी शिक्षा, नेपाली शिक्षा, गणित शिक्षा र स्वास्थ्य शिक्षा विषयहरको कक्षा संचालन भइरहेको छ व्यवस्थापन संकाय संचालनको अन्तिम तयारी भइरहेको छ।

## १) विद्यार्थी भर्ना विवरण-(Enrolment Trend)

| क स | साल | वि.एड | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Janajati | Other | Madhesi | Dalit | Edj |
| १ | २०७७ | ४३७ | १७७ | ६१४ | १४८ | ३१२ | २० | २२ | ११२ |
| २ | २०७६ | ३६० | १०९ | ४६९ | ११२ | | | | |
| ३ | २०७५ | ३६४ | ८० | ४४४ | १९० | | | | |




| क स | साल | एम.एड | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Janajati | Other | Madhesi | Dalit | Edj |
| १ | २०७७ | ११० | ३५ | १४५ | २४ | १०१ | ६ | ३ | ११ |
| २ | २०७६ | ८६ | १९ | १०५ | ६२ | | | | |
| ३ | २०७५ | ७९ | ३९ | ११८ | ३९ | | | | |



## २) विद्यार्थी पास प्रवृत्ति-(Pass Rate Trend)

| क स | साल | वि.एड | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | girls | Boys | Total | Edj | madesi | Dalit | Year |
| १ | २०७६ | १६ | ४ | २० | ९ | ० | ० | 1st |
| | | २९ | ६ | ३५ | १५ | १ | १ | 2nd |
| | | १५ | ३ | १८ | ९ | ० | १ | 3rd |
| | | ३१ | ५ | ३६ | ९ | २ | १ | 4th |
| २ | २०७५ | ६ | ३ | ९ | ४ | | | 1st |
| | | १३ | ४ | १७ | ६ | | | 2nd |
| | | २६ | ३ | २९ | ९ | | | 3rd |
| | | | | | | | | |
| ३ | २०७४ | ११ | ३ | १४ | ८ | | | 1st |
| | | २१ | ४ | २५ | १ | | | 2nd |
| | | ३४ | ८ | ४२ | ९ | | | 3rd |
| | | | | | | | | |

| क स | साल | एम.एड. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Edj | madesi | Dalit | Sem |
| १ | २०७६ | ८ | १ | ९ | ३ | १ | ० | 1st |
| | | | | | | | | 2nd |
| | | ८ | २ | १० | १ | ० | ० | 3rd |
| | | | | | | | | 4th |
| २ | २०७५ | १२ | ७ | १९ | ४ | | | 1st |
| | | ३६ | ९ | ४५ | १३ | | | 2nd |
| | | | | | | | | 3rd |
| | | | | | | | | 4th |
| ३ | २०७४ | ७ | १ | ८ | | | | 1st |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २७ | ६ | ३३ | | | | **2nd** |
| | | | | | | | | **3rd** |
| | | | | | | | | **4th** |

## ३) विद्यार्थी तह पास विवरण-(Graduate Trend)

| क स | साल | वि.एड | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **Girls** | **Boys** | **Total** | **Edj** | **Madhesi** | **Dalit** |
| १ | २०७६ | ३० | ५ | ३५ | ९ | २ | १ |
| २ | २०७५ | ३३ | २ | ३५ | ८ | | |
| ३ | २०७४ | ३४ | ८ | ४२ | ९ | | |

| क स | साल | एम.एड | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **Girls** | **Boys** | **Total** | **Edj** | **Madhesi** | **Dalit** |
| १ | २०७६ | | | | | | |
| २ | २०७५ | ३६ | ९ | ४५ | १३ | | |
| ३ | २०७४ | २७ | ६ | ३३ | ८ | | |

## ४) संचालित कार्यक्रमहरु-(Programs)

**शिक्षा संकाय तर्फ**

१) वि.एड.

२) एम. एड.

## ५) विषयहरु-(Educational Pedagogy)

१) वि.एड : नेपाली, अंग्रेजी, गणित, स्वास्थ्य तथा शारीरिक,अर्थशास्त्र,जनसंख्या शिक्षा र विज्ञान शिक्षा गरी ७ विषयमा बी.एड. कक्षाहरू सञ्चालन भइरहेका छन् ।

२) एम.एड : २०६३/०६४ देखि त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी हाल एम.एड. मा नेपाली, गणित स्वास्थ्य अंग्रेजी र शैक्षिक योजना तथा व्यवस्थापन गरि ५ विषयमा कक्षा सञ्चालन भइरहेका छन् ।

## ग) भौतिक प्रगतिः-(Physical Progress)

क्याम्पससँग हाल भूटनदेवी उच्च मावि सँग ४१ बर्से लिजमा लिइएको करिब ९ कठ्ठा सत्र धुर जग्गाभित्र क्याम्पसको आफ्नो श्रोत, विभिन्न निकाय तथा चन्दा दाताहरुबाट प्राप्त स्रोतसाधनको सदुपयोग गरी तयार गरिएको शैक्षिक तथ प्रशासनिक भवन छ ।शैक्षिक भवन तर्फको भुइँतल्लामा ८ कोठा, पहिलो तल्लामा ९ कोठा र एक सभाहल रहेको छ । दोस्रो तल्लामा कम्प्युटर ल्यव १, गेष्ट रुम १ (Deluxe Room निर्माण गरिएको छ जसमा क्याम्पसमा पाल्नुहुने पाहुना तथा प्रयोगात्मक परीक्षा लिन आउनुहुने वाह्य परीक्षकलाई राखिने गरिएको छ) त्यस्तै यस आर्थिक वर्षमा तेस्रो तल्लामा १ सेमिनार हल सहित ४ वटा कक्षा कोठाको निमार्ण गरिएको छ ।

पूर्वी भागको प्रशासनिक भवनमा भुइँतल्लामा लेखाशाखा, प्रशासनिक शाखा र पुस्तकालयको अवधारणामा अघि बढेको पुस्तकालय रहेको छ । त्यसैको छेउमा विद्यार्थी तथा शिक्षक स्टाफलाई खाजा नास्ताको व्यवस्था गर्न क्यान्टिनको व्यवस्था गरिएको छ । प्रशासनिक भवनको माथिल्लो तल्लामा स्टाफ रुम २ वटा, संचालक समिति कक्ष तथा क्याम्पस प्रमुखको कार्यकक्ष रहको छ र त्यसैको दोश्रो तल्लामा ट्रस्टको निर्माण गरी विज्ञान प्रयोगशाला लाई व्यवस्थित गरिएकोछ । खेल मैदानको व्यवस्थापनका लागि क्याम्पस परिसरको पर्खाल निर्माण कार्य सम्पन्न भएकोछ ।

कम्प्युटर ल्यावलाई व्यवसथित गर्दै ७ वटा कम्प्युटर सहित ५०MBPS स्पीडको ईन्टरनेट जडान गरिएको छ भने पुस्तकालयमा २ बटा कम्प्युटरमा ईन्टरनेट जडान गरि विद्यार्थीहरुले उपभोग गरिरहेका छन । साथै चमेनागृहलाई अझ व्यवस्थित बनाउदै लैजाने निति लिइएकोछ । भवन तथा खेल मैदानको दीर्घकालीन योजनाका साथै अन्तरक्रियात्मक कक्षा सञ्चालनका लागि उपयुक्त फर्निचर व्यवस्थापनको योजनासहित अघि बढ्ने लक्ष्य रहेको छ ।

## १) भौतिक पक्ष सुधार सम्बन्धमा :-(Infrastructural Development)

यस वर्ष भएको निर्माण तथा खरिदहरु

- सोफा सेट ३ थान (शिक्षा विकास निर्देशनालय मार्फत)
- प्लास्टिक कुर्सी २० थान
- कम्प्युटर २ थान (RMC UGC मार्फत)
- प्रिन्टर २ थान (RMC UGC मार्फत)
- प्रोजेक्टर १ थान (शिक्षा विकास निर्देशनालय मार्फत)
- साउण्ड सिस्टम १ थान (शिक्षा विकास निर्देशनालय मार्फत)
- कर्मसियल कुर्सी (हल) १६५ थान (शिक्षा विकास निर्देशनालय मार्फत)
- पोडीयम १ थान (शिक्षा विकास निर्देशनालय मार्फत)
- एयर कन्डिसन ३ थान (शिक्षा विकास निर्देशनालय मार्फत)
- क्याम्पस गेट (वडा कार्यालय मार्फत)
- मञ्चमा टायल विच्छ्याउने कार्य (वडा कार्यालय मार्फत)

## २) शैक्षिक अनुदान:-(Educational Aids)

विश्वविद्यालय अनुदान आयोगबाट कक्षा कोठा फर्निचर तथा पुस्तकालयमा फर्निचरको व्यवस्था गरिएको छ । पुस्तकालयमा ५०MBPS स्पीडको नेट जडान गरि पुस्तकालयलाइ थप व्यवस्थित बनाइएको छ । यस वर्ष थय १००० थान पुस्तक खरिद गरिएको तथा पुस्तकालयमा नया पुस्तक र्‍याक निर्माण गरि तह र विषय अनुसारको पुस्तक राख्ने व्यवस्था मिलाइएको छ । अघिल्लो आ.व.मा RMC हेटौंडा क्याम्पसलाई रु ५,००,०००/- प्राप्त भएकोमा सो रकमबाट कम्युटर,प्रिन्टर,प्रोजेक्टर तथा सोलारको जडान कार्य सम्पन्न भएकोछ । जसबाट विद्युतको नियमित आपुर्तिको व्यवस्था भएकोछ ।

## घ) आर्थिक प्रगति:-(Financial Progress)

न्युन शुल्कमा गुणस्तरीय शिक्षा दिदै आएको यस क्याम्पसको विगत ५ वर्ष देखि चलिरहेको शुल्क समय सापेक्ष नभएको हुदा वि.एड. तथा एम. एडमा तहमा केही शुल्कको समायोजन गरिएको छ र आर्थिक श्रोतमा  थप वृद्धि गरिएको छ ।

त्यसैगरि यसै आ.व.का लागि प्रदेश सरकारबाट रु ११ लाख बजेट विनियोजन गरिसकेको र सो बजेटबाट अडिटेरीयम हलमा १६५ थान कुर्सी तथा सोफा, साउण्ड सिस्टम । ३ थान एयर कन्डिसन जडान भइसहेको छ ।

त्यस्तै हेटौडा उपमहानगरपालीका ४ नं वडा कार्यालयबाट रु ४ लाख सहयोग प्राप्त भएको र सो बजेटबाट क्याम्पसको गेट तथा मञ्मामा टायल विच्छाउने कार्य सम्पन्न भएको छ ।

## खर्चको विश्लेषण (३ आ.व.को)

### १) तलव Salary

| क स | २०७६।०७७ | ०७५/०७६ | ०७४/०७५ |
|---|---|---|---|
| १ | २१४१३४९।।२७ | १६९७२५५०.०० | ११७५८३८७/४० |

### २) अन्य other

| क स | २०७६।०७७ | ०७५/०७६ | ०७४/०७५ |
|---|---|---|---|
| १ | ६०५८२२०।५८ | ८५४९५५४.०० | ८४६९८१९/७३ |

### ३) आय (Income)

| क स | २०७६।०७७ | ०७५/०७६ | ०७४/०७५ |
|---|---|---|---|
| विद्यार्थी शुल्क | १९६१८२९० | २२८३६३८५.०० | १८,९७६,६१०/ |

| | | | |
|---|---|---|---|
| सरकारी आनुदान | २२८६५९९ | | - |
| UGC | ८९४१५० | १३९१४५०.०० | १५,३८,७५०/ |
| अन्य सरकारी निकाय | २७७२४७ | ८७०४५९३.०० | १७,०९,०२५/२५ |
| अन्य | १३५३७८।२८ | | ८२,५००/ |

## ङ) पुजिगत खर्च Capital Expenditures

| क स | २०७६।०७७ | ०७५/०७६ | ०७४/०७५ |
|---|---|---|---|
| मुख्य निर्माण | | १२१०३६३१.०० | ३९,३८,१०८/३२ |
| सहायक निर्माण | ९४४७१५।६८ | ११५४११७.०० | |
| उपकरण खरिद | ३९५९४५।०० | ६५८४०.०० | १,८८,२८५/१५ |
| पुस्तक खरिद | ४१८९७१।०० | २५४०७६.०० | ४,८०,४४४/ |

**<u>१) अडीट रिपोर्टको विश्लेषणः</u> (Audit Observation)**

१) स्वीकृत लेखा सिद्धान्त अनुसार नै वित्तीय कारोवारहरु भएको

२) स्थिर सम्पत्तिहरु ऐतिहासिक लागत अवधारणाको आधारमा देखाइएको छ ।

३) स्थिर सम्पत्तिमा घट्दो ह्रास कट्टी प्रणाली अपनाइएको छ ।

४) बजेट परिधि भित्र रहेर खर्च गरिएको छ ।

५) विद्यार्थिबाट प्राप्त हुने शुल्कलाई नगदि प्राप्तीको आधारमा आम्दानी जनाइएको छ ।

६) जिन्सी समानको जिन्सी खातामा अभिलेख राख्न सुझाव दिइन्छ ।

## च) सामाजिक प्रगतिः (Social Progress)

**१) समाजिक क्रियाकलपमा सहभागिताः**समुदायकै सकृयतामा स्थापित यस हेटौंडा क्याम्पसले समुदाय स्तरमा हुने बिभिन्न क्रियाकलापहरुमा अघिल्ला वर्षहरु जस्तै सक्रियता पूर्वक सहभागिता

जनाउदै अएको छ । त्यस्ता क्रियाकलापहरुमा गणतन्त्र दिवस, प्रजातन्त्र दिवस, वातावरण दिवस, विश्व एड्स दिवस, रेडक्रस सोसाइटिका कार्यक्रमहरु, डेङ्गी जरो सम्बन्धि सचेतना कार्यक्रमहरु टोल सरसफाई कार्यक्रमहरु साथै स्थानिय निकयहरु जि.स.स नगरपालिकाले गरेका विविन्न कार्यक्रमहरुमा विद्यार्थीहरु तथा प्राध्यापकहरु पठाएर सहभागिता जनाउदै आएको छ ।

२) **क्याम्पसलाइ समाजको योगदान:** समुदायिक क्याम्पसको हैसियतमा समुदायले पनि यस संस्थालाइ क्याम्पस स्थापना काल देखिनै विविन्न किसिमले सहयोग गरिरहेको छ । जस्तो भवन निर्माण, क्याम्पस परिसरमा पर्खाल निर्माण, विषय थप, तह थप जस्ता क्याम्पसका निर्माण तथा विकासका क्षेत्रमा महत्वपूर्ण निर्णयहरुमा समुदायले अपनत्व ग्रहण गरि क्याम्पसलाइ निरन्तर सहयोग र सद्भाव प्रकट गदै आइरहेको छ ।

## छ) मुद्दा तथा समस्याहरु(Issues and Challenge)

### १) अल्पकालिन: (Short Term)

क) कक्षा कोठा थप गर्नुपर्ने ।

ख) निर्माणधिन पर्खाल पुरा गर्नुपर्ने ।

ग) खेल मैदानलाइ थप सुधार गर्नुपर्ने ।

घ)नया शैक्षिक भवन निर्माण गर्नुपर्ने ।

ङ) शैक्षिक क्यालेण्डरलाइ प्रभावकारी बनाउनु पर्ने ।

च) प्रशासनिक सुधार गर्ने ।

छ) पुस्तकालयलाई थप व्यवस्थित बनाउदै जाने ।

ज) साइन्स ल्याव थप व्यवस्थित बनाउनु पर्ने ।

झ) आन्तिरिक परीक्षामा सहभागिता दर बृद्धि गर्नुपर्ने ।

### २) दीर्घकालिन:(Long Term)

क) गुणस्तरीय शिक्षाका लागि कक्षा व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने ।

ख) पास दर बढाउनु पर्ने ।

ग) ड्रप आउट दर घटाउनु पर्ने ।

घ) संकाय थप गर्नुपर्ने ।

ङ) शिक्षा संकायमा यस क्याम्पसलाई ३ नंबर प्रदेशकै नमुना क्याम्पसको रुपमा विकास गर्ने ।

च) विविन्न किसिमका तलिमहरु संचालन गर्ने ।

छ) जग्गाको पूर्ण भोगाधिकार प्राप्त गर्ने ।

ज) "शिक्षा" क्याम्पसको पहिचानलाई यथावत कायम राखी आगामी शैक्षिक सत्रदेखि अन्य समयसापेक्ष विषयहरू थप गर्ने विकल्पहरू खोजिने ।

## ३) मुद्दा तथा समस्याहरु समाधानको योजनाहरु :

## (Plan for Addressing the Issues and Challenges)

क) संकाय थपको लागि समुदाय तथा व्यवस्थापन समितिमा वृहत अर्न्तक्रिया संचालन गर्ने ।

ख) जग्गाको पूर्ण भोगाधिकार प्राप्त गर्न सरोकारवालाहरु स्थानिय निकायहरु तथा समुदाय स्तरमा बहस तथा अर्न्तक्रिया संचालन गर्ने ।

ग) ड्रप आउट दर घटाउन समुदाय तथा शिक्षा क्षेत्रका सरोकारवाालहरु संग सघन छलफल चलाउने ।

घ) यस क्याम्पसलाई ३ नंबर प्रदेशकै नमुना क्याम्पसको रुपमा विकास गर्न स्थानिय स्तर हुदै त्रि.वि.सहकार्य गर्ने ।

**समाप्त**

